केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०५/०६८/६९ मिति: २०६८/०५/१२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा.निर्देशन नं. १० को बुँदा नं. ७ मा उल्लिखित संस्थापक शेयरधनीको शेयर स्वामित्व २०६८ आषाढ मसान्तमा तोकिएको सीमाभित्र ल्याउनु पर्ने व्यवस्था रहेकोमा उक्त समयसीमालाई २०६९ आषाढ मसान्तसम्म कायम गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ११ बमोजिमका पदाधिकारीहरुको हकमा के कस्तो प्रक्रिया अपनाई सीमाभित्र ल्याउने हो सो सम्बन्धी कार्ययोजना २०६८ भाद्र मसान्तभित्र बैंक तथा वित्तीय संस्था नियमन तथा सम्बन्धित सुपरिवेक्षण विभागमा अनिवार्य रुपमा आईपुग्ने गरी पेश गर्नुपर्ने छ ।

२. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा.निर्देशन नं. २ को बुँदा नं. १६ को खण्ड (क) को उपखण्ड (३) को पहिलो अनुच्छेदमा भएको शेयर धितो कर्जा नवीकरण सम्बन्धी व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ :-

(३) यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुने छैन । शेयर धितो कर्जा (Margin type Lending) उपभोग गरिरहेका ऋणीले आफूले लिएको कर्जाको सम्पूर्ण बक्यौता ब्याज भुक्तानी गरी कर्जा नियमित रहेको अवस्थामा त्यस्तो कर्जा नवीकरण गर्न सकिने छ ।

३. आ.व. २०६७।६८ मा अन्तरबैंक लगानी भाखा/म्याद नाघी नियमित नभएको अवस्थामा एकपटकको लागि देहाय बमोजिम गर्न सकिने नीतिगत व्यवस्था गरिएको छ :-

(क) त्यस्तो लगानीलाई आ.व. २०६८/६९ भित्र शतप्रतिशत संभावित हानी वापत व्यवस्था गर्ने गरी २०६८ पौष मसान्तमा लगानीको न्यूनतम २५ प्रतिशत, २०६८ चैत्र मसान्तमा लगानीको न्यूनतम ५० प्रतिशत र २०६९ आषाढ मसान्तमा लगानीको शतप्रतिशत व्यवस्था कायम गर्नु पर्ने ।

(ख) आ.व. २०६७।६८ मा नगद लाभाँश व्यवस्था गर्ने भएमा त्यस्तो लगानी वापत सोही आर्थिक वर्षमा लगानीमा संभावित हानी वापत व्यवस्था गरेर मात्र नगद लाभाँश व्यवस्था गर्न सकिने । साथै, कर्मचारी बोनसको हकमा उपर्युक्त बमोजिम व्यवस्था गरेपछि मात्र वितरण गर्न सकिने ।

४. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा.निर्देशन नं. ९/०६८ तथा सो सम्बन्धमा आजको मितिसम्म जारी निर्देशनहरु समावेश गर्नुका साथै निर्देशन फा.नं. ९.१, ९.२, ९.३(क), ९.१२, ९.१६ र ९.१७ मा संशोधन र निर्देशन फा.नं. ९.१८, ९.१९, र ९.२० थप गरी यसै साथ संलग्न संशोधित इ.प्रा.निर्देशन नं. ९/०६८ जारी गरिएको छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

५. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा.निर्देशन नं. १।०६८ को निर्देशन फा.नं. १.२ बमोजिम जोखिम भारित सम्पत्तिको गणना गर्दा पुनः डिष्काउण्ट गरिएका बिलहरु र चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानीलाई १०० भाराङ्क दिई सो फारममा समावेश गर्नुपर्ने छ ।

६. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा.निर्देशन नं. २।०६८ को निर्देशन फा.नं. २.१ मा संशोधन गरी यसै साथ संलग्न निर्देशन फा.नं. २.१ जारी गरिएको छ ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।